स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



वरिष्ठ कलाकार हरिवंश आचार्यले अभिनेता सुनिल थापाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै नेपालको कला र खेलकुद दुवै क्षेत्रका लागि ठूलो क्षति भएको बताएका छन्। चलचित्र विकास बोर्डमा आयोजित श्रद्धाञ्जली सभामा आचार्यले थापाको बहुआयामिक व्यक्तित्व र अन्तर्राष्ट्रिय ख्यातिको चर्चा गरेका हुन्। नेटफ्लिक्सजस्ता अन्तर्राष्ट्रिय मञ्चहरूसम्म पुर्‍याउन महत्वपूर्ण भूमिका खेलेका थिए।

**आजको विचार...**



लोक...
(दुई पेजमा)

सूर्य थापा



शान भुसालको स्वरमा रहेको गीत 'संगी' सार्वजनिक गरिएको छ। कपिलराज गिरीको शब्द रचना र शानकै संगीतमा तयार भएको गीतको भिडियो सार्वजनिक भएको हो। शानलाई स्वरमा सलिना विकेले साथ दिनुभएको छ। किरण थापाको निर्देशन र कोरियोग्राफी रहेको गीतको भिडियोमा पल शाह र सजिना श्रेष्ठलाई फिचरिङ गरिएको छ। मनाङको सुन्दर दृश्यमा खिचिएको भिडियोमा दुबैको जोडी निकै आर्कषक देखिएको छ। गीतको भिडियोलाई पवन सुस्लिङको छायांकन एवं सम्पादन छ।

❒ वर्ष ३१ अंक १९३ ❒ २०८२ माघ २६ गते सोमबार 9 February 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### अफगानिस्तानमा बस दुर्घटना १२ को मृत्यु

(रासस/एएफपी)

**फैजाबाद,** माघ २५/अफगानिस्तानको उत्तरपूर्वी क्षेत्रमा एक मिनीबस दुर्घटना हुँदा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै अन्य तीन जना गम्भीर घाइते भएका स्थानीय अधिकारीले शनिबार जनाएका छन् । बदाखसान प्रान्तको राजधानी फैजावादतर्फ जाँदै गरेको बस बिग्रिएको सडक अवस्थाका कारण नियन्त्रण गुमाउँदा सडकबाट केही तल दुर्घटनाग्रस्त हुनपुगेको प्रान्तीय प्रहरी प्रवक्ताले बताएका छन् । "घटनामा परी १२ जनाको निधन भएको छ भने महिला र बालबालिकासहित केही घाइते भएका छन् । उनीहरूको अवस्था गम्भीर छ," प्रवक्ताले भने। दशकौंदेखिको द्वन्द्वपछि खराब सडक, धेरै पूराना सवारी साधनलाई मर्मतसम्भार बिना नै दुरावस्थामा सडकमा गुडाइनु र नियमनको अभावका कारण अफगानिस्तानमा घातक ट्राफिक दुर्घटनाहरूबाट सयौँ मानिसले अकालमा ज्यान गुमाउनुपरेको छ । गत वर्षको अगस्टमा पश्चिमी हेरात प्रान्तमा भएको बस दुर्घटना ७८ जनाको मृत्यु भएको थियो भने गत अगस्टको अन्त्यतिर राजधानी काबुल नजिकैको राजमार्गमा अर्को एक बस दुर्घटना हुँदा २५ जनाको मृत्यु भएको थियो ।

# धमाधम अवैध लागूऔषध ओसार-पसार

## एकै दिन दश जना पक्राउ

हाम्रा संवाददाता

**पाल्पा,** माघ २५/ प्रहरीले दैनिकजसो लागूऔषध प्रयोगकर्ता, ढुवानीकर्ता तथा कारोबारी पक्राउ गरे पनि ओसारपसारमा कमी आएको छैन । खास गरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागूपदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारिक चिन्तनका कारण नेपालमा लागूपदार्थको दुरुपयोग एवं अवैध ओसार-पसार बढ्दो छ । यस्ता गतिविधिमा संलग्नहरुलाई प्रहरीले कडाई गर्दै आएको बताउँदै आए पनि अझै पनि सिमानाहरुबाट धमाधम अवैध लागूऔष ओसार-पसार गर्नेहरु भेटिने गरेका छन् ।

पछिल्लो समय एकै दिन देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १० जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रुपन्देही, तनहुँ, कञ्चनपुर, बाँकेका विभिन्न स्थानबाट प्रहरीले अवैध लागूऔषध सहित १० जनालाई पक्राउ गरेको हो ।



रूपन्देहीको सियारी गाउँपालिका-२ भगदरीबाट अवैध लागूऔषध सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्राम सहित मायादेवी गाउँपालिका-६ बेथरीका २५ वर्षीय उमेश राजभर र २२ वर्षीय आकाश पासीलाई पक्राउ गरिएको हो । इलाका प्रहरी कार्यालय बेथरी र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय भैरहवाबाट खटिएको प्रहरीले लु.२९ प २९६६ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै रूपन्देहीकै बुटवल उपमहानगरपालिका-२ पुष्पनर्सिङटोल बस्ने ३२ वर्षीय तेजबहादुर घर्तिमगरलाई पनि अवैध लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम २१ मिलिग्राम सहित इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

यस्तै बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१२ बेलासपुरबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ सय ८० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा जानकी गाउँपालिका-३ ईन्द्रपुर बस्ने २४ वर्षीय नरेन्द्र कुर्मी र नेपालगञ्ज उपमहानगरपालिका-१२ बेलासपुरका २८ वर्षीय दिपु बर्मा रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाँके समेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

यस्तै कञ्चनपुरको बेदकोट नगरपालिका-२ बसन्थलाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ७० मिलिग्राम सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-१ बस्ने २४ वर्षीय धिरू चन्द, ३४ वर्षीय मनोज मल्ल, २७ वर्षीय बिनोद खड्का र ३८ वर्षीय गणेश बोहरा रहेका छन् । अस्थायी प्रहरीबिट चम्फापुरबाट खटिएको प्रहरीले गणेशले सोही स्थानमा सञ्चालन गरेको पसल तलासी गर्दा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस्तै तनहुँको आँबुखैरेनी गाउँपालिका-४ बेनीटारबाट नियन्त्रित लागूऔषध डाईजेपाम १७ एम्पुल, फेनारगन १७ एम्पुल र बुप्रेनोर्फिन १७ एम्पुल सहित भिमाद नगरपालिका-९ भिमादबजार बस्ने २९ वर्षीय सागर क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट मुग्लिङ पुलजिपबाट खटिएको प्रहरीले नारायणगढबाट पोखरातर्फ जाँदै गरेको ग.१ ख ९३६९ नम्बरको बसमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।


## मतदान गर्ने अधिकारको प्रयोग गरौं।

-लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
-मतदानको समयमा विवेकको प्रयोग गरौं।
-मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
-जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
-निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
-असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
-सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## गुल्मीमा ४८ मतदानस्थल अतिसवेदनशील सूचीमा

**गुल्मी,** माघ २५/यहाँका ४८ वटा मतदानस्थल अतिसंवेदनशील सूचीमा रहेका छन् । जिल्ला सुरक्षा समितिले १४५ मतदानस्थलमध्ये ४८ अतिसंवेदनशील, ५७ संवेदनशील र ४० मतदानस्थललाई सामान्य गरी तीन भागमा वर्गीकरण गरेको छ ।

भौगोलिक कठिनाइ, विगतका निर्वाचनमा भएका गतिविधि, सञ्चार सम्पर्क, यातायातको पहुँच, आपराधिक गतिविधि, दलहरूबीचको प्रतिस्पर्धा, सुरक्षा संवेदनशीलतालगायत विषय र अवस्थाको अध्ययन गरी सोही आधारमा उक्त मतदानस्थलको वर्गीकरण गरिएको जिल्ला सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले बताए । जिल्ला सुरक्षा समिति र निर्वाचन कार्यालयले अतिसंवेदनशील भनिएका उक्त मतदानस्थलको निरीक्षण तथा अवलोकनसमेत गरिसकेको छ । समितिद्वारा निर्वाचनलाई निष्पक्ष,




शान्तिपूर्ण र भयरहित ढङ्गबाट सम्पन्न गर्नका लागि केन्द्रीय सुरक्षा समितिको निर्देशन अनुसार जिल्लामा द्रुत गतिमा काम गरिरहेको उनले उल्लेख गरे । मुसिकोट नगपालिका-४ मा रहेको मुसिकोट माविबाट जनता आधारभूत विद्यालय आरुपाटामा आंशिक रूपमा ५१६ जना मतदातालाई सार्नका लागि समितिले गरेको सिफारिस आयोगबाट स्वीकृत भएको समितिका अध्यक्ष गैह्रेले जानकारी दिए ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## निपाह भाइरसको त्रास

छिमेकी मुलुक भारतमा निपाह भाइरसको संक्रमण देखिएपछि नेपालमा पनि संक्रमण फैलिन सक्ने त्रास बढेको छ । यद्यपी अहिलेसम्म यो भाइरस नेपालमा भित्रिएको पुष्टि नभए पनि जोखिम भने कायमै छ ।

विशेष गरी निपाह भाइरस जनावरहरूको माध्यमबाट मानिसमा सर्ने गर्छ । तर, संक्रमण मुख्य रूपमा चमेरो वा सुँगुरबाट मानिसमा र मानिसबाट मानिसमा सर्न सक्छ । पेट्रोपोडाइ परिवारका यी चमेराहरू फलफूल मन पराउने खालका हुने गर्छन् । खासगरी, यो जातका चमेराहरू फलफूलको रूखमा बस्ने हुँदा फलफूलका माध्यमबाट मानिसमा सर्ने अध्ययनले देखाएको छ । घोडा, बिरालो र कुकुरसहित घरपालुवा जनावरहरूका माध्यमबाट पनि संक्रमण फैलिन सक्छ । तर, यो भाइरस सुँगुरहरूको बीचमा धेरै संक्रामक मानिन्छ, जसले भाइरसलाई मानिसमा सर्न सक्छ ।

खुला सीमानाकाबाट आउजाउ गर्ने मानिस, फलफूल खाने चमेरो र सुँगुरलगायत घरपालुवा जनावर नेपालमा पनि पाइने हुँदा उच्च जोखिम रहेको छ । अझ भारत र नेपालको जस्तो खुला सिमाना भएको अवस्थामा यस्तो संक्रमण एक देशबाट अर्को देशमा सर्न समय लाग्दैन । यही कारण निपाह भाइरसको सम्भावित जोखिमप्रति नेपाल समयमै सचेत हुनुपर्ने अवस्था आएको छ । नेपाल–भारत खुला सीमाका कारण दैनिक हजारौं मानिस आवतजावत गर्छन् । रोजगारी, व्यापार, शिक्षा, उपचार र पारिवारिक कारणले हुने यो आवागमन आफैंमा अस्वाभाविक होइन, तर महामारी फैलिने सन्दर्भमा भने यही खुलापन जोखिमको प्रमुख कारण बन्नसक्छ । निपाह नयाँ भाइरस होइन । सन् १९९० को दशकमा मलेसियाबाट पहिलो पटक देखिएको यो भाइरसपछि बंगलादेश र भारतमा पनि फैलिएको छ । विशेषतः भारतको पश्चिम बंगाल, केरललगायत क्षेत्रमा यसले बेलाबेलामा ज्यान लिने गरेको छ । यसका लक्षणहरू सामान्य रूघाखोकी र ज्वरोदेखि लिएर टाउको दुख्ने, रिंगटा लाग्ने, भ्रमित हुने, स्नायु प्रणालीमा असर पर्ने जस्ता गम्भीर अवस्थासम्म देखिन सक्छन् । समयमै उपचार नभए मृत्युको जोखिम अत्यन्तै उच्च रहने चिकित्सकहरूको चेतावनी छ । यसर्थ संक्रमण फैलिन नदिन सरकार र स्वयंम व्यक्ति आफैले बेलैमा उच्च सर्तकता अपनाउन जरुरी छ ।

## Opinion @ Socia Network

बोल्न सक्थैं तर समयलाई बोल्न छोडिदिएँ
किन कि सत्य शब्दले होइन समयले देखाउँछ ।
*(सन्तोष थापाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Shantos.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकप्रियतावादमा रमाएका भाइरल उम्मेदवार



## सूर्य थापा

> ***बेरोजगारी, महँगी, स्वास्थ्य, शिक्षा जस्ता जनताका आधारभूत समस्याभन्दा पनि भावनात्मक मुद्दाहरू उचालेर उनीहरू सत्तामा टिकिरहन्छन् । छालाको रंग, धर्म, जाति, पहिचान आदि विषयलाई उनीहरूले आफ्नो राजनीतिक हतियार बनाउने गरेका छन् । विश्व राजनीतिमा देखिएको यो 'लोकप्रियतावादी' रुझानबाट नेपाल न हिजो अलग थियो, न आज हुन सक्छ। नेपालमा परम्परागत राजनीतिक शक्तिहरूमाथि जनताको चरम वितृष्णा देखिएको छ ।***

दोस्रो विश्वयुद्धपछि झन्डै चार दशक विश्व राजनीति दुई ध्रुवमा बाँडियो । यस अवधिमा पूँजीवादी अमेरिका र सोभियत युनियन बीच चर्को सैद्धान्तिक प्रतिस्पर्धा चलेको थियो । तर, १९८० को उत्तरार्ध आइपुग्दा–नपुग्दै धेरै देशले समाजवाद छाडेर आर्थिक उदारीकरणको छालमा डुबुल्की मारिसकेका थिए । ती देशको अर्थतन्त्रमा सरकारले अत्यधिक हस्तक्षेप गर्दा कुशासन, भ्रष्टाचार र नातावाद चरम मौलाएको थियो । राज्य नियन्त्रित अर्थतन्त्रले जीवनस्तर उकास्न नसकेपछि विकल्प खोजी हुनु स्वाभाविक थियो । नयाँ वैश्विक अर्थतन्त्रको प्रमुख नेतृत्वकर्ता अमेरिकाले नव–उदारवादको बाटो पछ्याएकाहरूलाई अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक जस्ता वित्तीय संस्थानबाट अनुदान, ऋण र पूर्वाधार निर्माणमा सहयोग जुटाइदिन ठूलो भूमिका खेल्यो । केही अमेरिकी समाजवादीहरूलाई यतिबेला नै लागेको थियो- समाजवाद असफल भएका देशहरूले अनियन्त्रित पूँजीवाद रोजेर फेरि समय खेर फाल्नुहुँदैन । बरु, विगतका गल्ती सच्याएर अघि बढ्नु नै राम्रो हुन्छ । उदारीकरणको बाटो र विदेशी लगानीले विकासशील देशहरूलाई थप अस्थिरतातर्फ धकेल्ने उनीहरूको मत थियो ।

आर्थिक इतिहासकार तथा अमेरिकी समाजशास्त्री इम्मानुयल माउरिस वालर्स्टेनले यस्तै मत राखेका थिए । नभन्दै, सन् २००८ मा विश्वव्यापी आर्थिक संकट शुरु भएपछि पूँजीवादको प्रणालीगत संकट उजागर भयो। यतिबेला विकसित देशहरूमै धनीहरू झन्-झन् धनी भइरहेका थिए भने गरिबहरूलाई दैनिक खर्च धान्ने जोहो गर्न पनि मुस्किल थियो। तथ्यांकहरूले देखाए अनुसार विश्वको १० प्रतिशतभन्दा कम जनसंख्यासँग ९० प्रतिशतभन्दा धेरै पूँजी र संसाधन थुप्रिएको थियो । पूँजीवादले आफैंलाई पुन: उत्पादन गर्न नसक्ने वालर्स्टेनको दाबी रह्यो। यही संकटलाई देखेपछि स्लोभाकियाका नव-मार्क्सवादी विश्लेषक स्लाभोज जिजेकले ठोकुवा गरे- 'उदार पूँजीवादसँग अब कुनै समाधान नै बाँकी छैन ।' आज हामी एकुवीय विश्वबाट बहुवीय विश्वमा रूपान्तरण भइरहेका छौं र विश्वमा धेरशक्तिकेन्द्रहरू निर्माण भइरहेका छन् । विगतमा संसारले समाजवाद र नव-उदारवाद दुवै देख्यो र भोग्यो। शायद, ठूलो सैद्धान्तिक बहस बाँकी नरहेको दिशाहीन र गन्तव्यहीन अवस्थामा 'लोकप्रियतावादी राजनीति' तीव्र फस्टाउँदै गयो । ठ्याक्कै कहिलेबाट यो राजनीतिले प्रश्रय पायो भन्ने स्पष्ट नभए पनि यसका लक्षण स्पष्ट छन् मीठो नारा, असम्भव वाचा, विपक्षीको चर्को निन्दा र आफू मात्रै असली राष्ट्रवादी रहेको अडान। यसको शक्तिशाली प्रयोग २०१६ को अमेरिकी निर्वाचनमा डोनाल्ड ट्रम्पलाई जिताएर भयो । उनले त्यतिबेला मेक्सिकोको सिमानामा पर्खाल लगाएरै अवैध आप्रवासनलाई अन्त्य गर्ने दाबी गरेका थिए । जो सुन्न र बोल्न सजिलो थियो तर व्यावहारिक कार्यान्वयन असम्भवप्राय: थियो । लोकप्रियतावादमा नेतासँग कुनै ठोस योजना हुँदैन । भीड रिझाउने गरी भाषण वा अभिनय गर्नसक्नु उनीहरूको एकमात्रै विशिष्ट कला हो ।

यस्ता लोकप्रियतावादी नेताहरू मौका पर्दा आफैंले बोलेका कुरा आफैं बिर्सिएको नाटक गर्न पछि पर्दैनन् । यो लोकप्रियतावादको विश्वव्यापी चरित्र हो । यस 'दोषी चश्मा' ले आफूलाई मात्रै ठिक र अन्य सबैलाई गलत देख्छ । हंगेरीमा भिक्टोर अर्बन, इटलीमा जर्जिया मेलोनी, इजरायलमा बेन्जामिन नेतान्याहू र छिमेकी भारतमा नरेन्द्र मोदी लोकप्रियतावादी छविकै आडमा टिकेका छन् । बेरोजगारी, महँगी, स्वास्थ्य, शिक्षा जस्ता जनताका आधारभूत समस्याभन्दा पनि भावनात्मक मुद्दाहरू उचालेर उनीहरू सत्तामा टिकिरहन्छन् । छालाको रंग, धर्म, जाति, पहिचान आदि विषयलाई उनीहरूले आफ्नो राजनीतिक हतियार बनाउने गरेका छन् । विश्व राजनीतिमा देखिएको यो 'लोकप्रियतावादी' रुझानबाट नेपाल न हिजो अलग थियो, न आज हुन सक्छ। नेपालमा परम्परागत राजनीतिक शक्तिहरूमाथि जनताको चरम वितृष्णा देखिएको छ । यो वितृष्णा २३ भदौ र २४ भदौमा संसद् भवन तथा देशका प्रमुख सरकारी निकायअगाडि पोखिंदा ७२ जना शहीद भए। रगतको त्यो होली बिर्सन नपाउँदै देशले १८ र १९ फागुनमा क्रमश: पहाड र मधेशमा होली खेल्नेछ । जनताले आगामी ५ वर्षका लागि कसलाई सिन्दुर लगाइदिने भन्ने फैसला २१ फागुनमा गर्नेछन् । चुनाव नजिकिएसँगै उम्मेदवारहरूको चटारो बढ्दो छ । नयाँ–पुराना दुवै पार्टीले जनतामाझ लोकप्रिय रहेका उम्मेदवारहरूलाई टिकट वितरण गरिएको दाबी गरेका छन्। तर, ती उम्मेदवारहरूको चुनावी प्रचार हेर्दा उनीहरू जनताका प्रतिनिधि होइन, सामाजिक सञ्जालको भित्तोमा भाइरल भएका सेलिब्रेटी जस्तो देखिन्छन् । सधैं सामाजिक सञ्जाल वा टिभीमा देखिएका अनुहारलाई प्रत्यक्ष देख्न पाउँदा जनतामा कौतूहल अवश्य छ । तर, त्यो कौतूहल मतमा प्रकट हुने ग्यारेन्टी भने छैन । यदि मतपत्रमा प्रकट भइहाल्यो भने ती उम्मेदवारले त्यस क्षेत्रका जनताको आवाज सही ढंगले संसद्मा उठाउन सक्छन् ? पेचिलो प्रश्न यहाँनेर छ । प्राय: कुनै पनि पार्टीले घोषणापत्र सार्वजनिक गरिसकेका छैनन् । उम्मेदवारसँग पनि कुनै व्यक्तिगत योजना भए जस्तो देखिँदैन । कोही उखु बोकेर हिंडेका देखिन्छन् । कोही गोरु जोत्दैछन् । कोही रियालिटी शो चलाए जसरी 'फलानो र ढिस्कानो व्यक्तिलाई चुनाव क्षेत्रमा निर्वाचनपछि उपस्थित गराउँछु' भन्दैछन् । जनताका समस्या बुझ्ने र सुन्नेभन्दा पनि उनीहरूलाई रमाइलो गराउने र भिडियो हालेर सामाजिक सञ्जालमा भ्युज बटुल्ने कार्यमै उम्मेदवारको ध्यान केन्द्रित भए जस्तो देखिन्छ । पार्टीहरूले भाइरल हुनु नै योग्य हुनु हो भन्ने सोचबाट निर्देशित भएर उम्मेदवारलाई टिकट दिएका त होइनन् ? अहिले उम्मेदवारको चटकले यी विषय सोच्न बाध्य बनाएको छ । लोकतन्त्रमा उम्मेदवारहरू जनतासमक्ष पुग्ने आफ्ना प्रतिबद्धता पत्र बोकेर हो । त्यस प्रतिबद्धतालाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा जनतालाई आश्वस्त बनाउनु नै उनीहरूको जितको आधार हो । तर, विना घोषणापत्र जनताको घरदैलोमा पुगेका उम्मेदवारले चटक बाहेक अरू केही देखाएका पनि छैनन् । उनीहरू बाटो बनाउने, पुल बनाउने र व्यक्तिगत समस्या समाधान गरिदिने जस्ता आश्वासन बाँडिरहेका छन् । घरदैलोमा आएका उम्मेदवारसँग राज्यको नीति–नियम बनाउन आवश्यक पर्ने धैर्य, अध्ययन, कूटनीतिक बुझाइ र नीतिगत स्पष्टता छ या छैन भनेर जनताले बुझ्नुपर्ने समय आएको छ। किनकि, संसद्को काम नै नीति–नियम र ऐन–कानून बनाउने हो। तसर्थ, हामीले प्रतिनिधि छान्दा विकास–निर्माण वा व्यक्तिगत स्वार्थभन्दा पनि समग्र देशको हितलाई केन्द्रमा राख्न जरूरी हुन्छ ।

### संसद् कि 'सर्कस' ?

लोकप्रियतावादको सबैभन्दा ठूलो अस्त्र नै 'भ्रम' हो । उनीहरू जटिल समस्याको सरल (तर गलत) समाधान पेश गर्छन् । 'म आएपछि जादु हुन्छ' भन्ने शैलीमा कुरा गर्छन् । जबकि, देश विकास कुनै एक व्यक्तिले होइन, समग्र समाजले निर्धारण गर्ने प्रक्रिया हो । प्रश्न यो पनि छ– अहिले चुनावी मैदानमा विभिन्न चर्तिकला देखाएकाहरू संसद्मा पुगे भने त्यहाँको दृश्य कस्तो होला ? नीति निर्माणको सर्वोच्च थलो 'संसद्' कतै 'सर्कस' मा परिणत हुने त होइन ? संसद्मा गम्भीर बहसको साटो युट्युबमा भ्युज बढाउने शैलीका भाषणहरू मात्र गुञ्जिन थाले भने देशको नीतिनिर्माण तह निष्प्रभावी हुनेछ । विदेशी शक्तिराष्ट्रहरूले खेल्ने भू-राजनीतिक दाउपेच, अर्थतन्त्रको जटिल सिद्धान्त र संघीयता कार्यान्वयनका कानूनी जटिलताहरूलाई 'स्टन्टबाजी' ले समाधान गर्न सक्दैन । संसद्मा ताली खाने होइन, देशको भविष्य कोर्ने निर्णय लिनुपर्ने हुन्छ । आवेग र उत्तेजनाले सडक तताउन सकिएला, तर देश चलाउन सकिँदैन । पुराना दलहरूको नालायकीका कारण जनतामा आक्रोश छ, यो स्वाभाविक हो । तर, त्यो आक्रोशको फाइदा उठाउँदै कुनै योजना र भिजन नभएका व्यक्तिहरू सत्तामा पुग्नु भनेको 'आगोबाट उम्केर भुङ्ग्रोमा पर्नु' जस्तै हो । जनता सचेत नभएसम्म नेता यस्तै भाइरल मात्र हुने र देश सधैं प्रयोगशाला मात्र बन्ने खतरा रहन्छ । अन्त्यमा, चुनाव आफैंमा निरन्तर सुधारको प्रक्रिया हो । विगतको संसद्ले गरेका राम्रा कामहरूलाई प्रभावकारी ढंगले अघि बढाउने र गलत कामलाई सच्याउने अभिभारा नव निर्वाचितहरूको हुन्छ । यो शासक चुन्ने प्रक्रिया मात्रै होइन । ५ वर्षका लागि हाम्रो सुरक्षित भविष्य, करको सदुपयोग र सामाजिक विकास सुनिश्चित गर्ने प्रक्रिया पनि हो । हरेक निर्वाचनले हामीलाई केही खराबमध्येबाट कम खराब छान्ने अवसर दिन्छ । तर, जेनजी आन्दोलनपछिको यो निर्वाचन साँच्चै अनौठो छ । यहाँ पुराना दलहरू सुनि तयार छैनन् र नयाँ भनिएकाहरूमा 'लोकप्रियतावाद' को नशा चढेको छ । यस्तो अवस्थामा गम्भीर र सचेत नागरिक समाजको भूमिका अहम् हुन्छ । भाइरल उम्मेदवार देखेर दंग पर्ने होइन, उनीहरूलाई मतदाताले प्रश्न सोध्न जरूरी छ, 'तपाईंसँग शिक्षा, स्वास्थ्य र परराष्ट्र नीतिमा के सुधार गर्नुहुन्छ ? संसद्मा गएर तपाई कुन कानून परिमार्जन गर्न चाहनुहुन्छ ?' किनकि, प्रश्न नै लोकतन्त्रको प्राणवायु हो । यदि हामीले अनुहार, जात वा भाइरल क्लिपको आधारमा मात्र भोट हाल्यौं भने, अर्को ५ वर्ष पनि पछुताउनुपर्नेछ । विश्वव्यापी रूपमा असफल सिद्ध भइसकेको 'अन्ध-लोकप्रियतावाद' को बाटोमा नेपाल नजाओस् । सैद्धान्तिक बहसभन्दा माथि उठेर अब 'सुझबुझपूर्ण यथार्थवाद' अवलम्बन गर्नुपर्ने आवश्यकता छ । समाजमा भिजेको र समस्याहरूलाई नजिकबाट चिनेको उम्मेदवारलाई प्रतिनिधि बनाएर पठाउन सक्दा निर्वाचन क्षेत्रका समस्याहरू संसद्मा उजागर हुन सक्लान् । देशको समग्र चित्रसँग जोडेर त्यसलाई सम्बोधन गर्नसक्ने नीति बन्न सक्ला । अन्यथा, स्टन्टबाजहरूको हातमा देशको साँचो पुग्दा हुने दुर्घटनाको जिम्मेवार हामी मतदाता नै हुनेछौं ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यमा हानि नोक्सानी खेप्नु पर्ला। व्यवसायमा पिताद्वारा सहयोग मिल्नेछ | **तुला** : प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिनेछ। जग्गाबाट लाभ प्राप्त हुनेछ। |
| **वृष** : दाम्पत्य जीवनमा वादविवाद रहला। नयाँ कार्यतर्फ अग्रसर भइनेछ। | **वृश्चिक** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। व्यापार व्यवसायमा पारदर्शिता राख्नुहोस्। |
| **मिथुन**: चिताएको कार्यसम्पादन गर्न सकिनेछ। पठनपाठनमा मन लाग्नेछ। | **धनु** : आँटेको कार्यमा सफलता मिल्नेछ। व्यापारमा नयाँ लगानीले लाभ मिल्नेछ। |
| **कर्कट** : दाम्पत्य जीवन सुमधुर रहनेछ। साझेदारी व्यापारबाट लाभ प्राप्त होला। | **मकर** : कानुनी मामलाहरूमा पक्ष सबल रहनेछ। आयका नयाँ स्रोतहरू बन्नेछन्। |
| **सिंह** : खानपिनमा सजगता अपनाउनुहोस्। व्यर्थको वादविवादमा समय बित्नेछ। | **कुम्भ** : पारिवारिक जमघटका योग छन्। कार्यकुशलताको समाजमा चर्चा हुनेछ। |
| **कन्या** : विभिन्न अवसरहरू दिलाउनेछ। सन्तानको प्रगतिलाई देखेर मन प्रसन्न रहनेछ। | **मीन** : नोकरी वा पेशामा अनुभवी व्यक्तिहरूको कुरालाई बेवास्ता नगर्नुहोला। |

शिक्षा

# पोखरामा उच्च शिक्षा विषयक अन्तर्राष्ट्रिय सम्मेलन हुँदै



आगामी चैत १२, १३ र १४ गते पोखरामा 'नेपालमा उच्च शिक्षाको रुपान्तरण: विश्व प्रतिष्पर्धातर्फका मार्गहरू' विषयक अन्तराष्ट्रिय सम्मेलन गरिने भएको छ । जनप्रिय बहुमुखी क्याम्पसको आयोजना एवम् विश्वविद्यालय अनुदान आयोगको विशेष सहयोगमा अन्तराष्ट्रिय सम्मेलन गरिने भएको भएको हो । सम्मेलनबारे जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जनप्रीय क्याम्पसका क्याम्पस प्रमुख कृष्णबाबु बरालले उच्च शिक्षालाई परम्परागत शिक्षण विधिबाट माथि उठाई अनुसन्धानमुखी, प्रविधिमैत्री र उत्पादनसँग जोड्नुपर्ने आवश्यातालाई दृष्टिगत गरी त्यस सम्बन्धमा बृहत् छलफल एवम् अन्तरक्रिया गर्न सम्मेलन आयोजना गरिएको जानकारी दिए । सम्मेलनमा नेपालको उच्च शिक्षालाई स्थानीय आवश्यकता र विश्वव्यापी मापदण्डबिच कसरी सन्तुलन कायम गर्न सकिन्छ त्यस सम्बन्धमा घनिभूत छलफल गरिने उनले बताए । नेपाल, भारत, चीन, थाइल्यान्ड, बङ्गलादेशलगायत देशबाट ख्यातीप्राप्त शिक्षाविद्‌को विद्वत प्रवचन प्रमुख बरालले पत्रकार सम्मेलनमा जानकारी दिए । "सम्मेलनमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धानकर्ताबाट ५० भन्दा बढी मूल्याङ्कन गरिएका अनुसन्धानपत्र प्रस्तुत गरिनेछन्", उनले भने, "यी कार्यपत्र गुणस्तर प्रत्यायन, डिजिटल रुपान्तरण, शैक्षिक सुशासन, स्वायत्तता र दिगो विकास लक्ष्य जस्ता सामयिक विषयमा केन्द्रित रहनेछन् ।" सम्मेलनले नेपालको उच्च शिक्षा प्रणालीमा विद्यमान खाडल पुर्दै प्राज्ञिक उत्कृष्टता र विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि ठोस मार्गचित्र प्रस्तुत गर्ने प्रमुख बरालले बताए । क्याम्पस सञ्चालक समितिका अध्यक्ष राजेन्द्र पहारी, सहायक क्याम्पस प्रमुख नवीन खनाल, नेपाल पत्रकार महासैं गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, प्राध्यापक दीपेन्द्र पहारीलगायतले क्याम्पसको कक्षाकोठामा सीमित शिक्षण सिकाइलाई फराकिलो अनुसन्धानको दायरामा ल्याउन सम्मेलन फलदायी बन्ने विश्वास व्यक्त गरेका छन् ।

*-रासस*

# त्रिविको शिक्षाशास्त्र संकायले पायो 'क्युएए'



त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र केन्द्रीय विभागले विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यापन क्युएए प्राप्त गरेको छ । विश्वविद्यालय अनुदान आयोगले १२० प्रकारका विभिन्न मापदण्ड परीक्षण गरी शैक्षिक गुणस्तरको अन्तरराष्ट्रिय मापक मानिने 'क्युएए' विभागलाई प्रदान गरिएको हो । विभागद्वारा आज आयोजित कार्यक्रममा यसबारे जानकारी दिइएको हो । शिक्षा विभागका प्राध्यापक केशव पौडेलका अनुसार गुणस्तरीय शैक्षिक उपलब्धि एवं गुणस्तरीय भौतिक पूर्वाधारको पर्याप्त भएको अवस्थामा मात्र दिइन्छ । यसका लागि उत्तीर्ण दर उच्च हुनुपर्ने, अनुसन्धानात्मक अध्ययनका लागि विशेष व्यवस्था भएको हुनुनपर्नेलगायतका पूर्वसर्त रहेका छन् । क्युएए प्राप्त भएपछि राष्ट्रिय र अन्तरराष्ट्रिय क्षेत्रमा पनि गुणस्तरीय शैक्षिक संस्थाको हैसियत प्राप्त हुने छ', उनको भनाइ थियो । तीन चरणको क्युएएमध्ये विभागले अहिले पहिलो चरणको क्युएए पाएको हो । अहिलेभन्दा थप गुणस्तर सुधारेमा दोस्रो चरणको क्युएए प्राप्त हुन्छ भने तेस्रो चरणको क्युएए प्राप्त गरेपछि विभागले मानक विश्वविद्यालयको मान्यता पाउँछ । प्राप्त क्युएए मान्यतालाई जोगाउन र दोस्रो तहको क्युएए पाउन बेरुजु कम गर्न लगायतका आर्थिक सुव्यवस्था कायम गर्नुपर्ने प्राध्यापक पौडेलको भनाइ थियो । कार्यक्रममा बोल्दै सङ्कायका वेदराज आचार्यले विभागले धरै मेहेनतपछि क्युएए प्राप्त गरेका बताउँदै उनले अन्य क्याम्पसका लागि पनि यसले प्रेरणा प्रदान गर्ने बताए । अनुसन्धानमा पर्याप्त बजेट छुट्याउनुपर्ने उनको भनाइ थियो । सङ्कायका पूर्वडिन एवं प्राध्यापक चित्रबहादुर बुढाथोकीले थप राम्रो काम गर्न क्युएए मान्यताले प्रेरणा दिएको बताए । 'धेरै क्युएए पाएका कलेजको अवस्था पाउनुभन्दा अघिको भन्दा नाजुक भएको देखिन्छ, यसतर्फ सगज हुनुपर्छ', उनको भनाइ थियो । यसका लागि शिक्षक विद्यार्थीको नियमित उपस्थिति मात्र नभई समग्र शैक्षिक वातावरण सुधार्नुपर्ने उनले बताए ।

*-रासस*

# नेपालमै लटरम्म काजु फलाउने 'नमुना' विद्यालय



अहिलेसम्म धेरै नेपालीका लागि काजु भनेको विदेश- खासगरी भारत वा भियतनामबाट प्याकेटमा आउने वस्तुमात्र हो, यो कस्तो ठाउँमा फल्छ ? यसको रुख कस्तो हुन्छ ? यसको फल कस्तो हुन्छ ? भन्ने एउटा रहस्य वा कौतुहलताको विषय हो । धेरैले त काजुको दानामात्र देखेका छन्, यसको माथि झुन्डिने 'क्यास्यु एप्पल' (काजुको फल) देखेका छैनन् । तर, सिन्धुलीको एउटा विद्यालयले यो फल लटरम्म फलाउन सफल भएको छ । नेपालको तराई र भित्री मधेसका फाँटहरू प्राय: धान, गहुँ र उखुका लागि परिचित छन् । भित्री मधेसकै सिन्धुलीको दुधौली नगरपालिका-९ लदाभिरस्थित नमुना माध्यमिक विद्यालयको हाताभित्र छिर्ने हो भने दृश्य अलि पृथक र उत्साहजनक देखिन्छ । विद्यालयको आकर्षणको केन्द्र भनेको परिसरमा रहेको बगैँचा हो । र, यस बगैँचाको सबैभन्दा मुख्य र आकर्षक पक्ष भनेको त्यहाँ गरिएको काजुको सफल खेती हो । भारतबाट चार वर्षअघि ल्याइएका दुई विशेष जातका काजु- रातो रङको 'भेनुर्ला' र पहेँलो रङको 'उल्लाल' विद्यालयको प्रधान विशेषता बनेको छ । नेपालमा सामान्यतया काजु आयात गरेर खाइने गरिन्छ । नेपालमा काजु खेती अझै सुरुवाती चरणमा नै छ । मोरङको पथरी शनिश्चरे, झापा, सप्तरी र धनुषाका कतिपय घरबारीमा पनि काजु उत्पादन भएका उदाहरण पनि छन् । नेपालमा काजु खेतीको सम्भावनाबारे धेरै चर्चा हुने गरे पनि यसलाई व्यावसायिक र शैक्षिक रूपमा अघि बढाउने उदाहरण कमै छन् । व्यक्तिगत प्रयास र विद्यालयस्तरबाट सुरु भएका यी अभ्यासले नेपाललाई काजुमा आत्मनिर्भर बनाउने व्यावसायिक मार्गप्रशस्त गरेका छन् । यस्तै बिरलै उदाहरणमध्ये एक बनेको छ- नमूना माध्यमिक विद्यालय । विद्यालयले आफ्नै हाताभित्र काजु फलाएर यसको व्यावसायिक खेतीको नयाँ सम्भावना देखाएको छ । विद्यालय हाताभित्र पस्ने जो कोही अहिले त्यहाँको बगैँचा देखेर लोभिन्छन् । यो विद्यालय सिंगो जिल्लाकै लागि कृषिको प्रयोगशाला र व्यावसायिक सम्भावनाको एउटा जीवन्त पाठशाला बनेको छ । विद्यालयका प्रधानाध्यापक मोहन शाही ठकुरीका अनुसार करिब चार वर्षअघि भारतबाट १० वटा काजुका बिरुवा ल्याएर बगैँचामा रोपिएको थियो । ती बिरुवाहरू अहिले हुर्किएर फल्न सुरु गरेका छन् । 'हाम्रो यो भूगोलमा पनि काजु खेती सम्भव रहेछ भन्ने कुरा अहिले प्रमाणित भएको छ,' प्रधानाध्यापक ठकुरीले अनलाइनखबरसँग भने, 'अघिल्लो वर्ष ५-७ वटा फल लागेकामा यसपालि लटरररम्मै फल्यो ।' सबैभन्दा रोचक पक्ष त के छ भने काजुको फल वास्तवमा कस्तो हुन्छ र यो कसरी फल्छ भन्ने कुरा धेरैका लागि एउटा रहस्य जस्तै थियो । विद्यालयका वरिष्ठ कृषि प्रशिक्षक सुमन अधिकारीले समेत यस विद्यालयमा आउनुअघि व्यक्तिगत रूपमा काजुको बोट र यसको वास्तविक फल नजिकबाट देखेका थिएनन् । काजुको रुख आफूले पनि विद्यालय परिसरमै देखेको उनी बताउँछन् । उनका अनुसार विद्यालयको बगैँचामा रातो र पहेँलो रङमा लटरम्म फलेका काजु देख्दा अहिले त्यहाँ पुग्ने जो कोही उत्सुक हुने गर्छन् । स्थानीय समुदायमा त काजु खेतीलाई लिएर एक किसिमको उत्साह नै पैदा भएको छ । प्रशिक्षक अधिकारीका अनुसार गाउँका मानिसहरू दिनहुँजसो विद्यालयको बगैँचामा काजु हेर्न र यसको बारेमा बुझ्न आउने गर्छन् । उनीहरूमा आफ्नै घरबारीमा पनि काजु रोप्ने तीव्र इच्छा देखिएको छ । 'मानिसहरूले यो कसरी रोप्ने ? कति वर्षमा फल्छ ? र बिरुवा कहाँ पाइन्छ ? भन्दै सोधखोज गर्ने गरेका छन्,' उनले भने ।

**हावापानी र माटो**

काजु खेतीका लागि कस्तो हावापानी चाहिन्छ भन्ने धेरैको जिज्ञासा हुन सक्छ । कृषि प्रशिक्षक अधिकारीका अनुसार काजुका लागि उष्ण हावापानी उपयुक्त हुन्छ । समुद्री सतहदेखि करिब १ हजार २ सयदेखि १ हजार ५ सय मिटरसम्मको उचाइमा यसको खेती सफल मानिन्छ । 'हाम्रो दुधौलीको हावापानी निकै तातो छ, जुन काजुका लागि बरदान साबित भयो,' प्रशिक्षक अधिकारी भन्छन्, 'माटोको कुरा गर्दा, 'स्यान्डी लोम' अर्थात् बलौटे दोमट माटो काजुका लागि सबैभन्दा उत्तम हुन्छ, यसको पीएच मान ५.५ देखि ७ सम्म हुनुपर्छ, जुन नमुना माविको बगैँचामा उपलब्ध छ ।' प्रधानाध्यापक मोहन शाही ठकुरी । तस्वीर : मकर श्रेष्ठ । काजु एक 'एभरग्रिन' अर्थात् सदाबहार वनस्पति हो । यसका पातहरू अन्य पतझड बिरुवाजस्तो एकैपटक झर्दैनन्, जसले गर्दा बगैँचा सधैँ हरियो देखिन्छ । सिँचाइका हकमा बिरुवा सानो छँदा विशेष ध्यान दिनुपर्छ, तर एक पटक सप्रिएपछि यसले सुक्खापन पनि केही हदसम्म सहन सक्छ । रुखमा झुन्डिएका स्याउ जस्तै देखिने 'क्यास्यु' र त्यसको तल झुन्डिएको 'नट' ले यहाँ आउने जो कोहीलाई आकर्षित गर्ने गर्छ ।

**पोषण र आर्थिक महत्व**

काजुलाई 'नट्स' को राजा मानिन्छ, तर यसको फलको महत्त्व पनि कम छैन । प्रशिक्षक अधिकारीका अनुसार काजुको फलमा भिटामिन 'सी' प्रचुर मात्रामा पाइन्छ । 'अमलामा भन्दा पनि पाँच गुणा बढी भिटामिन सी काजुको फलमा पाइन्छ,' उनी भन्छन्, 'यसका साथै यसमा म्याग्नेसियम, आइरन, प्रोटिन र स्वस्थ फ्याटको राम्रो मिश्रण हुन्छ ।' आर्थिक रूपमा पनि काजु खेती महँगो छ । अहिले बजारमा कच्चा काजुको मूल्य प्रतिकिलो ८ सय रुपैयाँ हाराहारीमा छ भने प्रशोधन गरिएको काजु १ हजार ६ सयदेखि १ हजार ७ सय रुपैयाँसम्म बिक्री हुन्छ । विद्यालयका वरिष्ठ कृषि प्रशिक्षक अधिकारी यस वर्ष बगैँचाका केवल ७ वटा बोटबाट ५० किलोभन्दा बढी काजु उत्पादन हुनुले यस क्षेत्रमा काजुको व्यावसायिक सम्भावना प्रमाणित गरिदिएको बताउँछन् ।

**विद्यार्थीका लागि 'खुला विश्वविद्यालय'**

यो विद्यालय केवल सैद्धान्तिक शिक्षा दिने थलोमात्र होइन । यहाँ कक्षा ९ देखि १२ सम्म कृषि विषयको पढाइ हुन्छ । हाल विद्यालयमा १ सय १९ जना विद्यार्थी कृषि संकायमा अध्ययनरत छन् । यो विद्यालय प्राविधिक धारतर्फको भएकाले विद्यार्थीहरूलाई कृषिसम्बन्धी व्यवहारिक ज्ञान दिने क्रममा विभिन्न फलफूल र तरकारी खेती गरिँदै आएको छ । काजुका साथै विद्यालयले च्याउ खेती र मौसमी तथा बेमौसमी तरकारी खेतीमा पनि विद्यार्थीहरूलाई सहभागी गराउँदै आएको छ । विशेषगरी कक्षा १० र १२ को परीक्षापछि विद्यार्थीहरूलाई तीनदेखि चार महिनाको 'ओजेटी' (अन द जब ट्रेनिङ) गराइन्छ । 'विद्यार्थीहरूले आफैँ काजु टिप्ने, त्यसको प्रशोधन सिक्ने र काजुको फलबाट जाम तथा जेली बनाउने काम गर्छन्,' प्रशिक्षक अधिकारीले भने, 'विद्यार्थीहरूले बनाएको जाम र जेलीको स्वाद र गुणस्तर बजारमा पाइनेभन्दा कम छैन ।' शिक्षण सिकाइ प्रभावकारी बनाउन विद्यालयले विद्यार्थीहरूलाई सहुलियतमा बिरुवा पनि उपलब्ध गराउँदै आएको छ । बाहिरका मानिसलाई २ सय ५० देखि ३ सय रुपैयाँमा बिक्री गरिने काजुको बिरुवा विद्यार्थीहरूलाई भने ५० प्रतिशत छुटमा उपलब्ध गराइन्छ ।

**२१ प्रजातिका फलफूल र आम्दानी**

विद्यालयको स्वामित्वमा रहेको जग्गामा २१ प्रजातिका फलफूल खेती गरेर विद्यालयले व्यावसायिक उत्पादन र बिरुवा बिक्रीबाट आम्दानी गर्न थालेको छ । विद्यालयका प्रधानाध्यापक ठकुरीका अनुसार विद्यालयसँग विद्यालय हाताभित्र ३ बिघा र बाहिर २४ बिघा गरी ठूलो परिमाणमा जग्गा छ । जसमध्ये विभिन्न खण्डमा धान, बेसार र फलफूल खेती भइरहेको छ । फलफूलका ठूला बोटहरूका बीचमा खाली रहेको ठाउँमा विद्यालयले 'इन्टिग्रेटेड कल्टिभेसन' ( एकीकृत खेती) मार्फत लहरे बाली र तरकारीहरू पनि लगाउने गरेको छ । काजुका अतिरिक्त यो बगैँचा फलफूलको एउटा सानो संग्रहालय जस्तै बनेको छ । बगैँचाको एक लहरमा आँपको ठूलो बगैँचा छ भने अर्कातिर कटहर, नरिवल र सुपारीका रुख छन् । कर्मचारीका लागि प्रतिकिलो ८ सय रुपैयाँ मूल्य तोकिएको छ । उत्पादित बाँकी काजु भने विद्यालयले तत्काल बिक्री नगरी बाहिरबाट आउने पाहुनालाई देखाउन, प्रदर्शनी गर्न र थप अनुसन्धानका लागि नमुनाका रूपमा सुरक्षित राखेको अधिकारीले बताए । आगामी दिनमा उत्पादन परिमाण बढेपछि व्यवस्थित प्रशोधन केन्द्र स्थापना गरी व्यावसायिक रूपमा बजार पठाउने विद्यालयको लक्ष्य छ । विद्यालयमा फलेका काजुका दानाबाट अहिले नयाँ बेर्ना (बिरुवा) उत्पादन गर्ने काम भइरहेको छ । आफ्नै विद्यालयमा उत्पादित बिरुवालाई स्थानीय किसानसम्म पुऱ्याएर काजु खेतीलाई औद्योगिक र व्यावसायिक रूप दिने विद्यालयको योजना छ । प्रशिक्षक अधिकारी र विद्यालय प्रशासनको अबको लक्ष्य दुधौलीलाई नेपालकै 'काजु हब' को रूपमा विकास गर्ने हो । 'हामीले अहिले नर्सरीमा २ सय ३८ नयाँ बिरुवा उत्पादन गरेका छौं,' अधिकारीले सुनाए, 'असार (बर्खा) का बेला रोप्दा पानीको समस्या नहुने भएकाले सोही समयमा बिक्री गर्ने लक्ष्य राखेका छौं, काजुका बिरुवाका लागि अहिलेदेखि नै स्थानीयस्तरबाट माग आउन थालिसकेको छ ।' बागमती प्रदेश सरकार र स्थानीय नगरपालिकासँग समन्वय गरेर व्यावसायिक काजु खेतीलाई गाउँ-गाउँ पुऱ्याउने उनीहरूको योजना छ । सिन्धुलीको नमुना माध्यमिक विद्यालयले देखाएको यो बाटो नेपालको शिक्षा प्रणाली र कृषि क्षेत्रका लागि एउटा प्रेरणा हो । विद्यालय स्थानीय सम्भावना पहिचान गरी समृद्धिको संवाहक बन्न सक्छ भन्ने उदाहरण दुधौलीमा देखिएको छ । *-अनलाइन खबर डटकम*

# लुम्बिनीमा ६१ हजार किशोरीलाई एचपीभी खोप दिइँदैं

**प्यूठान,** माघ २५/ लुम्बिनी प्रदेशमा ६१ हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप दिइँदै छ । आइतबारदेखि सुरु भएको खोप अभियानमा प्रदेशभरका ६१ हजार किशोरीलाई खोप दिन लागिएको प्रदेश स्वास्थ्य मन्त्रालयले जनाएको छ । प्रदेशमा अभियानको स्वास्थ्यमन्त्री खेमबहादुर सारुले प्यूठानमा एक कार्यक्रमबीच शुभारम्भ गरेका छन् । अभियानको शुभारम्भ गर्दै मन्त्री सारुले महिलामा हुने पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप देशभर ३ लाख ५० हजार र लुम्बिनी प्रदेशमा ६१ हजार किशोरीलाई दिइने उल्लेख गरे । 'रोग लाग्नु भन्दा पहिले नै सचेतता अभियानको रुपमा खोप कार्यक्रम सञ्चालन गरिएको छ', उनले भने, 'खोपका माध्यमबाट स्वस्थ नागरिक बनाउने सरकारको नीति अनुरुप कार्यक्रम सञ्चालन गरिएको छ ।'

# पत्रकारहरुको लागि डिजिटल क्षमता विकास कार्यशाला




**हाम्रा संवाददाता**

**पाल्पा,** माघ २५/जिल्लाको माथागढी गाउँपालिकाको सराइँमा डिजिटल पत्रकारिता क्षमता विकास कार्यशाला भएको छ । प्रेस चौतारी नेपाल पाल्पाले आफ्नो चौथो वार्षिक साधारण सभाको अवसरमा पत्रकारहरुका लागि एक दिने क्षमता विकास कार्यशाला आयोजना गरेको हो ।

तालिममा पत्रकारिताको क्षेत्रमा एआई विज्ञ तथा गोरखापत्रका उपसम्पादक अजय शर्माले एआईले पत्रकारिता क्षेत्रमा पुर्‍याएको सहयोगको बारेमा चौतारीकर्मीहरुलाई व्यवहारिक अभ्यास गराई सहजीकरण गरेका थिए । एआईले पत्रकारितालाई अझै छिटो छरितो र सजिलो बनाएकोले काम गर्न सहज बन्दै गएको प्रशिक्षक शर्माले बताए । साधारण सभामा प्रेस चौतारी नेपालका केन्द्रिय अर्थ सचिव प्रदिप आचार्यले परम्परागत पत्रकारिता पेशा दिनहुँ संकटमा पर्दै गएकोले समय परिस्थिती अनुसार पत्रकारहरु डिजिटल प्रविधिमा रुपान्तरण हुनुपर्ने बताए । उनले तालिम लिएर हुन्छ की साथीभाईसँग सिकेर हुन्छ की, एआई प्रविधी सबै पत्रकारहरुले सिकेर प्रयोगमा ल्याउनु पर्नेमा जोड दिए । अहिले व्यक्ति व्यक्तिले अनलाईन सञ्चालन गर्ने र सत्य, तथ्य, निष्पक्ष पत्रकारिता नगरी, मागी खाने भाँडो बनाउने गलत प्रवृत्ति बढेको सचिव आचार्यले बताए । नेकपा एमाले पाल्पा इन्चार्ज एवं पाल्पा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार ठाकुर प्रसाद गैरेले देश बाहिरबाट चलेकोले मुलकलाई संविधानको दायरामा ल्याउन र मुलुकलाई जोगाउन जनताले एमालेका उम्मेदवारहरुलाई विजयी बनाउनु पर्ने बताए । अहिले राष्ट्रियता कमजोर बनाउने, विदेशीको क्रिडास्थलको रुपमा मुलुकलाई लैजाने, अराजकता बढाउने काममा देशी विदेशी शक्तिहरुलाई परास्त गर्न जनताले एमाले उम्मेदवारहरुलाई विजयी बनाउनु पर्नेमा उनले जोड दिए । नेकपा एमाले केन्द्रीय सदस्य सरस्वती चिदीले पत्रकारहरुले सत्य तथ्य र निष्पक्ष भएर समाचार लेख्नुपर्ने बताईन् । लुम्बिनी प्रदेशसभा सदस्य एवं अर्थ उद्योग पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले अहिले सामाजिक सञ्जालबाट मित्थ्या समाचारको बाढी नै आएकाले जनतालाई सहि र गतल छुट्टाउन कठिन भएको बताए । पत्रकार तथा पत्रकारिता गर्ने संस्थाहरुले मित्थ्या भ्रामक समाचारलाई चिर्न पहल गर्नुपर्नेमा उनले जोड दिए । कार्यक्रममा नेकपा एमालेका उपाध्यक्ष विमल काफ्ले, जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, माथागढी गाउँपालिका अध्यक्ष यमबहादुर चिदी, प्रेस चौतारी नेपालका लुम्बिनी प्रदेश इन्चार्ज टिकाबहादुर बस्नेत, पाल्पा इन्चार्ज मिलन विश्वकर्मा, एमाले चौतारी फाँट ईन्चाज राजेश कुमार अर्याल, प्रदेश सचिव कृष्ण पोखरेल, माथागढी गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष तेजबहादुर घर्ति, माथागढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दर प्रसाद श्रेष्ठ, प्रेस चौतारीका सचिवालय सदस्य गोविन्द भट्टराई, पुर्व जिल्ला अध्यक्ष भगवान भण्डारी, निवर्तमान अध्यक्ष राजेन्द्र लिगल, पाल्पा व्यापार संघका अध्यक्ष बिष्णु कार्की, अक्षयकोषदाता तुल बहादुर अधिकारी लगायतले पत्रकारिता क्षेत्रमा प्रेस चौतारीले खेलेको भुमिका तथा डिजिटल पत्रकारिताको अवस्था बारे चर्चा गरे ।

कार्यक्रममा सह-सचिव विजय बौडेलले चौतारीका सदस्यहरुको हकहितको लागि स्थापित चौतारी कल्याणकोष मस्यौदा प्रतिवेदन प्रस्तुत गरे । कल्याण कोषमा आवद्ध चौतारीकर्मीको लागि आमा, बाबा, श्रीमान, श्रीमती र छोरा छोरीको मृत्यु हुँदा २० हजारसम्म घाट खर्च सहयोग गर्ने, चौतारीकर्मीलाई १ महिनासम्म आपतकालिन विना व्याज १ लाखसम्म ऋण सहयोग गर्ने, दिर्घरोग लागेमा आवश्यक सहयोग गर्ने र प्रविधी उपकरणको लागि व्याज अनुदानमा ऋण सहयोग गर्ने मस्यौदामा उल्लेख गरिएको छ । साधारणसभामा सचिव दयाराज न्यौपानेले सांगठनिक र कोषाध्यक्ष नेत्र गैरेले आर्थिक प्रतिवेदन पेश गरेका थिए । प्रेस चौतारी पालपाका अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, उपाध्यक्ष शोवाकान्त पाठकको स्वागत, सचिव दयाराज न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## गुल्मीमा ४८ मतदानस्थल...

...उनका अनुसार यस पटकको निर्वाचनका लागि जिल्लामा तीन वटा मतदानस्थल थप गरिएको छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मतदानस्थल पुनरावोलकन समितिको सिफारिसमा निर्वाचन आयोगद्धारा उक्त मतदानस्थल थप गरिएको प्रमुख जिल्ला अधिकारी गैह्रेले जानकारी दिए । नयाँ थप गरिएका मतदानस्थलमा सत्यवती गाउँपालिका(६ को वडा कार्यालय, मुसिकोट(१ स्थित सेवा केन्द्र सिम्ले र गुल्मीदरबार गाउँपालिका (१ स्थित बलिथुम नरहरि कँडेल माध्यमिक विद्यालय रहेका छन् । जिल्लामा कारागारका कैदी र कर्मचारीका लागि कारागार कार्यालय र रुद्ववेणी वृद्धाश्रममा रहेका वृद्धवृद्धाका लागि सोही वृद्धाश्रममा मतदान केन्द्र राख्न समेत आयोगमा सिफारिस गरिएको छ । दुई निर्वाचन क्षेत्र रहेको गुल्मीमा हाल एक लाख १५ हजार २१० महिला, एक लाख १४ हजार ३३७ पुरुष र अन्य दुई जना मतदाता छन् । जिल्लामा हाल १४५ मतदानस्थल र २८४ मतदान केन्द्र रहेका जिल्ला निर्वाचन कार्यालय गुल्मीका निर्वाचन अधिकारी ऋषिराम घिमिरेले जानकारी दिए । *-रासस*

**खेलकुद समाचार**

## नेपाल इंग्ल्यान्डसँग पराजित




**मुम्बई,** माघ २५/ नेपाल आईसीसी टी-२० विश्वकपअन्तर्गत पहिलो खेलमा इंग्ल्यान्डसँग पराजित भएको छ । जित नजिक पुगेको नेपाल इङ्ल्यान्डसँग ४ रनले पराजित भएको हो ।

इंग्ल्यान्डले दिएको १८५ रनको लक्ष्य पछ्याउँदा नेपालले २० ओभरमा ६ विकेट गुमाएर १८० रन मात्र बनाउन सक्यो । अन्तिम ओभरमा १० रन चाहिँदा सेट ब्याटर लोकेश बम क्रिजमा रहेपनि जित निस्कन भने सकेन ।१८५ रनको लक्ष्य पछ्याउने क्रममा कुशल भुर्तेल र आसिफ शेखले नेपाललाई राम्रो सुरुवात दिलाएका थिए । तर चौथो ओभरमा आसिफ शेख आउट भएपछि नेपालले लगत्तै छैटौं ओभरमा कुशल भुर्तेललाई पनि गुमायो । भुर्तेलले १७ बल खेल्दै ४ चौका र १ छक्का मदतमा २९ रन जोडे । दुवै ओपनर आउट हुँदा नेपाल ४२-२ को स्थितीमा थियो । त्यसपछि कप्तान रोहित पौडेल र उपकप्तान दीपेन्द्र सिंह ऐरीले नेपालको इनिङ्स अघि बढाए । यो जोडीले तेस्रो विकेटका लागि ८२ रनको साझेदारी गरेका थिए । यो साझेदारीले इंग्लयाण्डलाई कुनै बेला दबामा राखेको थियो । तर १५औं ओभरमा दीपेनेन्द्रलाई साम करनले आउट गरेपछि नेपालले तेस्रो विकेट गुमायो । नेपालक लागि टी२०आईमा २ हजार रनर पूरा गर्ने पहिलो खेलाडी बनेका दीपेन्द्रले २९ बलमा ६ चौका र १ छक्का मदतमा ४४ रन बनाए । उनले ४४ रन बनाएपछि टी२०आईमा १ हजार रन पूरा भएको हो । लगत्तै कप्तान रोहित पनि ३९ रन बनाएर आउट भए । ३४ बल खेलेका उनले २ चौका र १ छक्का प्रहार गरे । आरिफ शेखले ८ बलमा १० रन बनाए । बलिङमा इंग्ल्याण्डका लागि लियम डसनले २ विकेट लिए ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

**अर्थ/कर्पोरेट समाचार**

# सुनको मूल्य फेरि तीन लाखमाथि



**काठमाडौं,** माघ २५/नेपाली बजारमा एक तोला सुनको मूल्य फेरि तीन लाख मूल्य माथि पुगेको छ । साताको पहिलो कारोबार दिन आइतबार ९ हजार ५ सयले बढेर प्रति तोला सुनको मूल्य फेरि तीन लाखमाथि पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार एक तोला छापावाल सुनको मूल्य तीन लाख ५ सय र त्यति नै परिमाणको चाँदीको मूल्य पाँच हजार १० कायम भएको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन शुक्रबार एक तोला सुन २ लाख ९१ हजारमा कारोबार भएको थियो । यही माघ १५ गते एकैदिन २० हजारले बढेर एक तोला सुनको मुल्य ३ लाख ३९ हजार ३ सय पुगेको थियो । त्यसयता सुनको मूल्य घट्ने-बढ्ने क्रम जारी छ । यस्तै चाँदीको भाउ पनि वृद्धि भएको छ । महासंघका अनुसार प्रतितोला चाँदी ५ हजार १० मा कारोबार भइरहेको छ । शुक्रबार सोही परिमाणको चाँदी ४ हजार ७ सय १० मा खरिदबिक्री भएको थियो । यसैगरी, गत बुधबार एक तोला छापावाल सुनको मूल्य तीन लाख चार हजार ७ सय र त्यति नै परिमाणको चाँदीको मूल्य पाँच हजार ६ सय कायम भएको थियो भने मंगलबार एक तोला छापावाल सुन दुई लाख ९० हजार ३ सय र चाँदी पाँच हजार ३ सय ३५ मा किनबेच भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आइतबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ४ सय ६७ र त्यति नै परिमाणको सेतो धातु ७७ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारिक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई